राजनैतिक दलसंग समन्वय बैठक

निर्णयहरु:

१. जिल्लाको पछिल्लो शान्ति सुरक्षाको अवस्था, विकास निर्माणका कार्यहरुमा भएको समन्वय र जिल्ला स्थित कार्यालयहरुको सेवा प्रवाहको विषयमा प्रमुख जिल्ला अधिकारीज्यूबाट बैठकमा जानकारी भयो।

२. सुख्खायामको शुरुवातसंगै यस जिल्लामा आगलागिजन्य घट्नाबाट वर्षेनी जनधनको क्षति हुने गरेकोले आगलागीजन्य घटना न्यूनिकरणको लागि पूर्व सतर्कता र सावधानी अपनाउन तथा वनजंगलमा लागेको डढेलोको विषयमा टोलटोलमा सचेतना फैंलाउन सबै तहलाई अनुरोध गर्ने।

३. अति अशक्त एवं वृद्ध भै नागरिकता लिनको लागि जिल्ला सदरमुकामसम्म आउन नसक्ने, ल्याउन नसकिने व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयहरुसंग समन्वय गरी एकीकृत रुपमा कागजात माग गरी प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी नागरिकता जारी गर्न उपयुक्त देखिएमा समय र स्थान मिलाई सम्बन्धित वडा कार्यालयसंग समन्वय गरी सहज नागरिकता प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था जिल्ला प्रशासन कार्यालयले मिलाउने।

४. जिल्लाको विभिन्न स्थानमा संचालित विकासका आयोजनाहरुलाई सयमै सम्पन्न गर्ने र गराउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने।

५. जिल्लाको सार्वजनिक हीत, साझा समस्या, शान्ति सुरक्षा, विकास निर्माण, विपद् व्यवस्थापन लगायत समग्र यस जिल्लाको साझा हित र चासोको विषयमा सबै पक्ष मिलेर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त भयो।

२०८०।८।१६